महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

मिति : २०८२-२-९

प.सं.:2081/82

च.न.:FAR/2080-81/LOC/522

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

चौतारा साँगाचोकगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सिन्धुपाल्चोक।

**कैफियतसहितको राय**

हामीले चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यसप्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयलेपार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृतवार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीयसंचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमाआधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रणगर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**